JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि बढौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २१ गते शुक्रबार ❑ 5 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## सरकार र चन्द समूहबीच सहमति, प्रतिबन्ध हट्यो

**रासस**
**काठमाडौं, २० फागुन**

सरकारले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई लगाउँदै आएको प्रतिबन्ध हटाएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सो समूहमाथि लाग्दै आएको प्रतिबन्ध हटाएको हो । सरकार र सो समूहबीचको वार्तामा तीनबुँदे सहमति भएसँगै प्रतिबन्ध हटाइएको हो ।

बैठकपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सरकारका तर्फबाट वार्ता टोलीलाई धन्यवाद दिइएको जानकारी दिँदै विभिन्न प्रकारका हिंसात्मक गतिविधि गरिरहेको सो समूहसँग वार्ता गर्दै मुलुकलाई शान्तिपूर्ण बनाउनका लागि नेपाल सरकारले गरिरहेको प्रयासमा महत्वपूर्ण सफलता मिलेको बताए । उनले शान्तिका लागि भएको सरकारको पछिल्लो प्रयासले महत्वपूर्ण योगदान पुऱ्याएकोसमेत बताए । बिहीबार बिहान मात्रै सरकारी वार्ता टोली र चन्द समूहको वार्ता टोलीबीच तीनबुँदे समझदारी भएको थियो । समझदारीपत्रमा सरकारी वार्ता टोलीका संयोजक एवं गृहमन्त्री रामबहादुर थापा र चन्द समूहकोतर्फबाट वार्ता टोली संयोजक एवं प्रवक्ता खड्गबहादुर विश्वकर्माले हस्ताक्षर गरेका छन् । सो समझदारीलगत्तै बिहीबार नै बसेको मन्त्रिपरिषद्को बैठकले चन्द समूहमाथि लाग्दै आएको प्रतिबन्ध हटाएको हो । बिहीबार बिहानको सहमतिमा चन्द समूहका सम्पूर्ण गतिविधि शान्तिपूर्णरूपमा सञ्चालन हुने र सरकारका तर्फबाट उसका गतिविधिमाथि लगाएको प्रतिबन्ध फुकुवा गर्ने जनाइएको थियो । सहमतिपछि जारी गरिएको विज्ञप्तिमा नेपाल सरकारबाट उक्त समूहमाथि लगाइएको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीको रिहाइ गर्ने र मुद्दा खारेजी गरिने उल्लेख छ ।

सहमतिको विस्तृत विवरण शुक्रबार अपराह्न २ बजे विशेष समारोहबीच सार्वजनिक गरिने सहमतिपत्रमा उल्लेख छ । उक्त समारोहलाई प्रधानमन्त्री केपी शर्मा ओली र चन्द समूहका तर्फबाट महासचिव चन्दले सम्बोधन गर्ने कार्यक्रम छ ।

सरकारीतर्फबाट वार्ता टोली सदस्यमा प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा राजन भट्टराई र चन्द समूहका तर्फबाट दीपक चलाउने रहेका थिए । सरकारले हिंसात्मक गतिविधि सञ्चालन गरेको जनाउँदै विसं २०७५ फागुन २८ गते उक्त समूहका गतिविधि सञ्चालनमा रोक लगाएको थियो ।

## फेदीखोला गाउँपालिकाले ल्यायो मजदुर संचित कोष कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**




स्याङ्जाको फेदीखोला गाउँपालिकाले मजदुर संचित कोष कार्यान्वयनमा ल्याएको छ ।

जीवनभर अर्काको लागि श्रम गर्ने तर अप्ठ्यारो परेको बेला कोही नहुने तथा आर्थीक अवस्था कमजोर हुने मजदुर वर्गलाई लक्षित गरि गाउँ पालिकाले मजदुर संचित कोष कार्यान्वयनमा ल्याएको हो । दैनिक ८ सय देखि १५ सयसम्म आम्दानी गर्ने भएतापनि न्युन बचतका कारण संकटको अवस्था सामाना गर्न असहज हुने तथा शिक्षा, स्वास्थ्य, आवास लगाएतका मानवीय एवम् सामाजिक विकासको अवस्था न्यून भएका मजदुर वर्गका लागि यो कोषको स्थापना गरिएको हो ।

गाउँ पालिकाले बिहीबार एक कार्यक्रमका बिच मजदुर हरुलाई परिचयपत्र वितरण कार्य शुरु गरेको हो । मजदुरहरुलाई परिचयपत्र वितरण गर्दै गण्डकी प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्सालले दैनिक ज्यालादारी गर्ने मजदुर हरुलाई लक्षित गरि गाउँ पालिकाले कार्यन्वयनमा ल्याएकोमा मजदुर संचित कोष कोसे ढुंगा सावित हुने बताए ।

मजदुरका परिवारको आर्थीक अवस्था मजबुत बनाउन तथा उनीहरुको शिक्षा, स्वास्थ्य, आवास निर्माण, पोषण जस्ता आधारभूत आवश्यकताको सुनिश्चित गर्ने गरि ल्याईएको मजदुर संचित कोषले मजदुरहरुको जीवनयापनमा परिवर्तन ल्याउने विश्वास व्यक्त गरे । प्रदेश सभा सदस्य मोहन प्रसाद रेग्मीले मजदुर संचित कोष, युवा उद्यम जस्ता लोकप्रिय कार्यक्रमहरु ल्याई फेदीखोला गाउँपालिकाले जनताले प्रत्यक्ष विकासको अनुभुती गर्ने गरी काम गरेको बताए । पालिकाको मजदुर संचय कोष सञ्चालन कार्यविधि, २०७७ बमोजिम पालिका भित्रका १८ देखि ५९ वर्षका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न मजदुरलाई लक्षित गरी कोष स्थापना गरिएको फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताए । उनका अनुसार गाउँपालिकाले आफ्नै घर भए/नभएको, परिवारमा रोजगार छ/छैन आश्रित परिवारको सख्या लगाएत मजदुर छनौटका आधारहरु तयार पारेको छ । कोषमा सुचिकृत हुन चाहनेका लागि गाउँपालिकाले नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको दुईप्रति फोटो सहित सम्बन्धित वडा कार्यालयहरुमा निवेदन दिन अनुरोध गरेको थियो । गाउँपालिकाको मजदुर सूचिमा सूचीकृत मजदुर मात्र उक्त सञ्चय कोषमा आवद्ध हुन पाउने छ । सूचीकृत मजदुरले सार्वजनिक विकास निर्माणका काममा संलग्न हुदाँ प्राप्त गर्ने ज्याला रकम अनिवार्य रुपमा बैंकिङ प्रणालीबाट भुक्तानी प्राप्त गर्ने छन् ।

भुक्तानीको क्रममा रकम ज्यालाबाट १५ प्रतिशत कट्टा गरे पश्चात पालिकाको तर्फ बाट १५ प्रतिशत रकम चौमासिक रुपमा मजदुरको बैंक खातामा बचत गर्ने व्यवस्था छ । उक्त मजदुरले पालिकाबाट थप हुने १५ प्रतिशत रकम बाहेक स्वास्थ्य बिमा लगाएतका अन्य सुविधा समेत पाउने व्यवस्था गरिएको छ ।

गाउँपालिकाले मजदुर संचित कोष कार्यन्वयनमा ल्याएसँगै कामजदुरहरु हर्षित भएका छन् । फेदीखोला गाउँपालिकाले युवा उद्यमी कार्यक्रम सञ्चालन गरि कृषकसँग सम्झौता समेत गरेको छ । पालिकाभित्र रहेका उद्यमी व्यवसायीको समूहलाई प्रोत्साहन गर्न गाउँपालिकाले बिना ब्याज बिना धितो ५ लाख रकम ऋण दिने व्यवस्था गरेको छ ।

## 'उद्यमशीलताबाट महिला मूल प्रवाहमा आउनुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**



गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले उद्यमशिलताको विकासमार्फत महिलालाई मूल प्रवाहमा ल्याउनुपर्ने बताएकी छन् ।

पोखरा महिला चेम्बर अफ कमर्स कास्कीको दोस्रो साधारणसभाको उद्घाटन सत्रमा उनले आर्थिक समृद्धिका लागि महिला उद्यमशिल बनेर अघि बढ्नुपर्नेमा जोड दिएकी हुन् । उनले प्रतिस्पर्धाको युगमा परनिर्भरता रहँदा महिलाको समग्र विकासमा बाधा पुगेको औंल्याउँदै आफूलाई सबल र सक्षम बनाएर आत्मविश्वास जगाउन आर्थिक विकासमा जोड दिनुपर्नेमा जोड दिइन । उनले स्थानीय तहमा सरकारले महिलालाई उद्यमशिल बनाउन सस्तो ब्याजदरमा ऋण प्रदान गरेको स्मरण गराउँदै जागर चलाएर अघि बढ्न सके महिलालाई अवसर प्रशस्त रहेको औंल्याइन ।

पोखरा महानगरपालिका कार्यपालिका सदस्य राधिका योगी शाहीले महिला पछिल्लो समय जागरुक भएर अघि बढे पनि आर्थिक रुपमा अझै सबल र सक्षम हुन नसकेको बताइन । उनले महानगरले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरेको र न्यून ब्याजमा महिलालाई लगानी गरेकाले अहिले उद्यमशिलतामा अघि बढ्ने महिलाका लागि अवसर रहेको धारणा राखिन । पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष किसान सुनारले देशकै अर्थतन्त्रलाई चलायमान बनाउन कमर्सले सशक्त भूमिका खेलेको बताए । उनले महिलालाई उद्यमशिलमा जोड दिएर व्यावसायिक छविका साथ स्थापित गराउन महिला समितिमार्फत विभिन्न कार्यक्रमहरु जोड दिँदै आएको जानकारी दिए ।

महिला चेम्बरका अध्यक्ष गीता तिवारीले विभिन्न क्षमता तथा दक्षता हुँदा हुँदै पनि आर्थिक रुपमा सबल हुन नसकेका महिला सधैँ पछाडि पर्ने गरेको स्मरण गर्दै महिलाको आर्थिक विकासका कार्यक्रममा जोड दिएको बताइन ।

सो अवसरमा उद्यमशिलता मार्फत करिब २५० लाई रोजगार दिन सफल महिला उद्यमी दीपा बाँस्तोला र हालै पोखरा प्रज्ञा प्रतिष्ठानका सदस्यमा नियुक्त हुनुभएका कलाकार मिलन शेरचनलाई सम्मान गरिएको थियो ।

संस्थाका सल्लाहकार महिला उद्यमी विष्णु गुरुङ, सदस्य कमला सुनारलगायतले उद्यमशिलतामा महिलाको सहभागिताका विषयमा आफ्ना भनाइ राखेका थिए । महिला चेम्बरका महासचिव साङ्ग्रिला मरासिनीले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन ।

## धार्मिक तथा सांस्कृतिक पर्यटनका लागि पथप्रदर्शक

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखरा र पुतलीबजार नगरपालिकाको सहकार्यमा गुरुकुलका विद्यार्थीलाई अवलोकन भ्रमण गराइने भएको छ ।

धार्मिक एवं सांस्कृतिक महत्वकास्थललाई पर्यटनसँग जोड्ने ध्येयले सो कार्यक्रम आयोजना गर्न लागिएको हो ।

पुतलीबजार नगरपालिकास्थित पाणिनी गुरुकुलमा अध्ययनरत विद्यार्थीलाई प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारीसम्मको अवलोकन भ्रमण गराउँदै धार्मिक एवं सांस्कृतिक पर्यटनका विविध पक्षबारे जानकारी गराइने नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख काशीराज भण्डारीले जानकारी दिए । धार्मिक एवं सांस्कृतिकस्थलको पर्यटकीय चिनारीका लागि गुरुकुलमा अध्ययनरत विद्यार्थी भविष्यमा राम्रो पथप्रदर्शक हुनसक्ने बताउँदै उनले अवलोकन भ्रमणका क्रममा धार्मिक पर्यटनका सम्भावना विषयक छलफल एवम् अन्तर्क्रिया गराइने बताए । यही फागुन २२ गते शनिबारदेखि शुरु हुने चार दिवसीय अवलोकन भ्रमण स्वर्गद्वारीसम्म पुगेर सम्पन्न हुने जानकारी दिँदै भण्डारीले त्यस क्रममा ठाउँठाउँमा पर्ने धार्मिक पर्यटकीयस्थलको अवलोकन गराइने बताए । "नेपालमा धेरै धार्मिक एवं सांस्कृतिक महत्वकास्थल छन्, ती स्थानमा पुगे जोकोही पर्यटकलाई त्यहाँको पौराणिक, धार्मिक, सांस्कृतिक आदि पक्षबारे स्पष्ट रुपमा जानकारी दिने पथप्रदर्शकको खाँचो छ", उनले भने, "गुरुकुलका विद्यार्थीलाई लक्षित गरी गर्न लागिएको अवलोकन भ्रमणले धार्मिक तथा सांस्कृतिस्थलमा आवश्यकपर्ने पथप्रदर्शक तयार गर्ने दीर्घकालीन लक्ष्यमा सहयोग पुग्ने विश्वास लिएका छौं ।"

## पोखरा म्याराथनका लागि पाँच लाख ३० हजार

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**

भूतपूर्व खेलाडी मञ्चको आयोजनामा पोखरामा सञ्चालन हुने 'पोखरा म्याराथन' का लागि मञ्चको अन्तर्राष्ट्रिय सहयोगी संस्था पोखरेली मञ्च यूकेले पाँच लाख ३० हजार आर्थिक सहयोग प्रदान गरेको छ ।

पोखरेली मञ्च यूकेका कोषाध्यक्ष कमल गुरुङले बिहीबारआयोजित सहयोग हस्तान्तरण कार्यक्रममा सो रकम मञ्चका केन्द्रीय अध्यक्ष तेज गुरुङलाई हस्तान्तरण गरे । पोखरा म्याराथनलाई सहयोग गर्नु सबैका लागि गौरवको विषय भएको बताउँदै मञ्च कोषाध्यक्ष गुरुङले म्याराथनलाई विदेशमा रहेका पोखरेलीहरुले अपनत्व लिएको र वर्षेनी कार्यक्रम सफलताका लागि सहयोग गर्दै आएको बताए । मञ्चका अध्यक्ष गुरुङले सहयोगका लागि आभार व्यक्त गर्दै विश्वव्यापी रुपमा फैलिएको कोरोनाकाबीच विदेशबाट सहयोग प्राप्त भएकामा खुःशी व्यक्त गरे । कोरोनापछिको असहज अवस्थामा पनि आफूहरुले गत फागुन १ गते ४२ किमीको म्याराथन र महिलाको २१ किमीको हाफ म्याराथन सम्पन्न गरेको जानकारी दिँदै उहाँले अन्य इभेन्टहरु क्रमशः सञ्चालन गरिने स्पष्ट पारे ।

विगतमा सबै इभेन्टहरु एकैपटक सञ्चालन हुने गरेकामा यस वर्ष कोभिडका कारणले फरक फरक मितिमा तय गरिएको बताइन्छ । अध्यक्ष गुरुङले सन् २०२४ सम्म पोखरा म्याराथनलाई म्याराथन दौडको अन्तर्राष्ट्रिय छाता संस्था एम्समा दर्ता गर्ने लक्ष्य लिएको बताउँदै यसबाट पोखरा सहित समग्र नेपालको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पोखरा म्याराथन अन्तर्गत यही फागुन २२ गते शनिबार आयोजना हुने 'ह्विल चियर' महिला तथा पुरुष र दृष्टिविहिन महिला तथा पुरुष दौडको तयारी पूरा भएको मञ्चले जनाएको छ । सो दौडअन्तर्गत ह्विल चियर महिला पुरुषतर्फ १५ र दृष्टि विहिनतर्फ ४५ जनाभन्दा बढीले नाम दर्ता गरिसकेको मञ्चका सचिव कृष्ण तिमिल्सिनाले जानकारी दिए । ह्विलचियर र दृष्टिविहीनतर्फका दुवै इभेन्टमा विजेताले रु सात हजार, द्वितीयले रु पाँच हजार र तृतीयले रु तीन हजार पुरस्कार पाउनेछन् ।

यसैगरी १० किमी महिला/पुरुष दौड आगामी चैत १४ गते र पाँच किमी छात्र/छात्रा दौड आगामी वैशाख ४ गते सञ्चालन गरिने आयोजकले जनाएको छ । १० किमी महिला/पुरुष दौडमा विजेता रु १५ हजार तथा द्वितीय र तृतीयले रु १० हजार र रु पाँच हजार पुरस्कार प्राप्त गर्नेछन् ।

छात्र/छात्रा दौडमा प्रथमले रु १० हजार द्वितीयले रु सात हजार र तृतीय हुनेले रु चार हजार पुरस्कार प्राप्त गर्ने मञ्चका प्रमुख कार्यकारी अधिकृत केशव पाठकले जानकारी दिए ।

## कांग्रेसले संविधान, लोकतन्त्र र जनतालाई केन्द्रमा राखेर पार्टीको निर्णय लिने

**रासस**
**काठमाडौं, २० फागुन**

नेपाली कांग्रेसले बदलिँदो राजनीतिक परिस्थितिमा संविधान, लोकतन्त्र र जनतालाई केन्द्रमा राखेर निर्णय लिने भएको छ ।

कांग्रेसका सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा पार्टीका पदाधिकारी र पूर्वपदाधिकारीको बिहीबार बसेको बैठकले संयमता र एकताका साथ मुलुक र संविधानको दूरगामी भविष्य तथा जनताको अपेक्षानुसार निर्णय लिने निष्कर्ष निकालेको हो । बैठकमा संवैधानिक, राजनीतिकलगायत विभिन्न कोणबाट छलफल भएको र समग्रमा कांग्रेसले लिने निर्णयले संविधान र लोकतन्त्र जनतालाई केन्द्रमा राख्नुपर्ने निष्कर्ष निकालिएको पार्टीका प्रवक्ता विश्वप्रकाश शर्माले

बाँकी अन्तिम पृष्ठमा ▶▶

मुटुरोग विशेषज्ञ सेवा

सहिद गंगालाल नेशनल हर्ट सेन्टर काठमाडौंमा कार्यरत मुटुरोग विशेषज्ञ डा. राकेश बहादुर अधिकारी नियमित रुपमा प्रत्येक महिनाको चौथो शनिबार सुन्दरपोखरा फार्मेसी महेन्द्रपुल पोखरामा आउनुहुने हुनाले तपाई र तपाईका आफन्त कोही कसैलाई मुटु सम्बन्धी समस्याले आक्रमक गरिरहेको छ भने वा मुटु सम्बन्धी समस्याबाट बच्न आवश्यकीय सरसल्लाहको आवश्यकता महसुस गर्नुभएको छ भने यिनै समस्या सम्बन्धी विशेषज्ञ डाक्टरको सल्लाह अनुसार उपचार गराई स्वास्थ्य लाभ लिनुहुन विशेष अनुरोध गर्दछौं ।

जाँच्ने समय : यही फागुन २२ गते, शनिबार बिहान ९ बजेदेखि

सुन्दरपोखरा फार्मेसी
महेन्द्रपुल (हुलाक पछाडि)
फोन नं. ०६१-५८७२६६, ५५३८३४

# बिटी कपमा प्रिक्वाटरका खेल सम्पन्न, शुक्रबार क्वाटरफाईनल

**सुदिप शर्मा पौडेल**
**पोखरा, २० फागुन**

पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा जारी 'चौथो बिरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगितामा प्रिक्वाटरफाईनलका खेल सम्पन्न भएका छन्।



पोखराको पुरानो टुडिखेल मैदानमा बिहीबार सम्पन्न पहिलो खेलमा सिमपानी एफसीलाई २-१ गोल अन्तरले पराजित गर्दै चाउथे एफसी क्वाटरफाईनलमा प्रवेश गरेको छ। निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल टाईबेकरमा पुगेको थियो। त्यस्तै सँगम एफसी र सत्य युवा क्लब बाफ्फापाटन बिच भएको दोस्रो खेल पनि गोलरहित निधारित समय सकिएपछि टाईबेकरमा सँगम एफसीलाई ३-२ गोल अन्तरले पराजित गर्दै बाफ्फापाटनले जीत निकाल्यो। तेस्रो खेलमा विष्णुपादुका टिम बिलाई एम टुवेलले ३-० को फराकिलो गोल अन्तरले पराजित गर्दै क्वाटरफाईनलमा प्रवेश गर्यो। एम टुवेलको जीतमा मनिस क्षेत्री, अविनाश तामाङ र मनोज गुरुङले समान १ गोलको योगदान दिए।

यसैगरी चौथो खेलमा बिन्स बकेटलाई मालेपाटन एफसीले १-० गोल अन्तरले पराजित गर्दै सँघर्षपूर्ण जीत निकाल्यो। मालेपाटनको जीतमा जेम्स गुरुङले निर्णायक गोल गरे। बाफ्फापाटन टिम बि र रञ्जन मेमोरियल बिच भएको पाँचौ खेल १-१ गोलको बराबरीमा सकिएपछि टाईबेकरमा बाफ्फापाटनल टिम बिले २-१ गोल अन्तरले रञ्जनलाई पराजित गर्यो। आयोजक सेतो र लाहाचोक एफसी बिच भएको छैटौं खेल २-२ गोलको बराबरीमा निर्धारित समय सकिएपछि टाईबेकरमा आयोजकले ३-२ गोल अन्तर सहित जीत निकाल्यो। यसैगरी कमलपोखरी एफसी र फोर टु फाईभ बिच भएको अन्ति प्रिक्वाटरफाईनल खेल १-१ को बराबरीमा निर्धारित समय सकिएपछि टाईबेकरमा ३-१ गोल अन्तरले हराउदै कमलपोखरी क्वाटरफाईनलमा प्रवेश गरेको खेल संयोजक निकेश गुरुङले जानकारी दिए। उनका अनुसार यसअघि नयाँगल्ली युवा क्लब क्वाटरफाईनलमा प्रवेश गरिसकेको थियो।

क्वाटरफाईनलका ४ खेल शुक्रबार मध्यान्ह १२ बजेबाट सुरु हुनेछ भने सेमीफाईनल र फाईनल खेल शनिबार सम्पन्न हुनेछन्।

# स्वेरेकको एम्वुलेन्स अक्षयकोषमा १ लाख सहयोग

**विनय पौडेल**
**पोखरा, २० फागुन**

स्याङ्जा स्वेरेकमा सञ्चालित एम्वुलेन्स सञ्चालानार्थ निर्माण गरिएको अक्षयकोषमा नारायण शर्माले नगद १ लाख सहयोग गरेका छन्।

पर्यटकीय ठाउँ स्वेरेकमा नमुना स्वेरेक सहयोग समाजकतार र नमुना स्वेरेक सहयोगी समाज स्याङ्जाले संयुक्तरुपमा संचालन गरेको एम्वुलेन्स अक्षय कोषमा शर्माले एक लाख नगद सहयोग गरेका हुन्। एम्वुलेन्सलाई दिगो रुपमा संचालन गर्न सहयोग पुर्‍याउने उद्देश्यले अक्षयकोषमा सहयोग गरेको शर्माले बताए। स्याङ्जा जिल्लाको काफल डाँडा जन्म घर भई वालिङमा बस्दै आएका शर्मा हाल कतारमा व्यवसाय गर्दै आएका छन्। कोभिडको वेला जिल्लामै उत्कृष्ट सेवा दिएको एम्वुलेन्स अक्षयकोषमा सहयोग गर्न पाउदा खुसी लागेको शर्माले बताए। विदेशमा रहेर पनि जिल्लाको विभिन्न धार्मिक तथा सामाजिक संघसस्थामा सहयोग गर्दै आएका शर्माले ग्रामिण क्षेत्रबाट एम्वुलेन्स सञ्चाल नगर्न चुनौती भएकोले सहज बनाउन आफुले अभियानमा हातेमालो गरेको बताए।

अभियानका संयोजक भेषराज पराजुलीले अक्षयकोष निर्माणमा शर्माले अहिलेसम्मकै सवै भन्दा बढी रकम सहयोग गरेर आफुहरुको अभियानमा साथदिएको बताए। पराजुलीले यस अगाडि रकम घोषणा गरेर विभिन्न कारणले सहयोग नगरेकाहरु समेत जति सक्दो रकम सहयोग गर्न गरेका छन्। नमुना स्वेरेक सहयोगी समाज स्याङ्जाका अध्यक्ष घनश्याम पाण्डेयले कम्तीमा १० लाख अक्षयकोष बनाउने सोच सहित शुरु गरेको अभियानमा शर्माले गरेको सहयोगसँगै अक्षयकोषमा ७ लाख ६७ हजार रकम पुगेको बताए।

समाजका उपाध्यक्ष यम लाल शर्मा पंगेनीले सवै सहयोगीले नै स्वेरेकको एम्वुलेन्स उत्कृष्ट तरिकाले सञ्चालन गर्न सहज भएको बताए। समाजका सचिव इन्द्र प्रसाद पराजुलीले आफुहरु निस्वार्थ रुपमा समाजलाई सहयोग गर्ने उद्देश्यले एम्वुलेन्स सञ्चालन गरेकोले स्वेरेक मात्रै नभएर स्वेरेक बाहिरबाट पनि उदारणिय सहयोग मिलेको उनको भनाई थियो।

# भूमिसम्बन्धी समस्या समाधान गरिनेछः अध्यक्ष ज्ञवाली

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० फागुन**

भूमिसम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष देवीप्रसाद ज्ञवालीले भूमिसम्बन्धी समस्या समाधान गर्ने सम्पूर्ण जिम्मेवारी आयोगको रहेको बताउनुभएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तनहुँले भानु नगरपालिकामा आयोजना गरेको आवासको अधिकारसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उहाँले भूमिसम्बन्धी समस्या राष्ट्रको महत्वपूर्ण समस्या रहेकाले भविष्यमा पटकपटक आयोग नबन्ने गरी वर्तमान आयोगले नै सबै समस्या समाधान गर्ने दाबी गर्नुभयो। "विगतमा आयोग गठनमा त्रुटी भएका कारण अहिले सरकारले ऐन निर्माण गरी अधिकार सम्पन्न आयोग बनाएको छ। वर्तमान सरकार परिवर्तन भए पनि आयोग विघटन हुँदैन", अध्यक्ष ज्ञवालीले भन्नुभयो, "भूमि र आवास सम्बन्धी अधिकार संविधानको मौलिक हकमासमेत समावेश भएकाले अब कोही पनि भूमिहीन भएर बस्न पर्दैन्।"

उहाँले वास्तविक भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई राज्यले निर्धारण गरेको जग्गा उपलब्ध गराउने बताउँदै उहाँले कसैले ढाँटेर र छलेर जग्गा प्राप्त गर्न खोज्छ भने त्यसलाई कानूनी कारवाही गरिनेछ भन्नुभयो। भानु नगरपालिकाका प्रमुख उदयराज गौलीले विगतमा धेरै आयोग बनेपनि भूमिसम्बन्धी समस्या यथावत् रहेकाले भविष्यमा यस्ता समस्या नदोहोरिने गरी काम गर्नुपर्ने बताउनुभयो। उहाँले भानु नगरपालिकामा भूमिहीन, सुकुम्वासी र अव्यवस्थितको समस्या जटिल रहेकाले सम्बन्धित सबै पक्ष मिलेर समाधान गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

भूमिसम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले अहिले स्थानीय तहमा लगत सङ्कलनको काम भइरहेको बताउँदै वास्तविक भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीले समयमै निर्धारित स्थानमा आफ्नो विवरण उपलब्ध गराउन आग्रह गर्नुभयो।

भानु नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सुनिल पाण्डेले नगरपालिकामा सुरक्षित आवास कार्यक्रमअन्तर्गत २३१ घर निर्माण भएको, जनता आवास कार्यक्रमअन्तर्गत ३५ जना लाभग्राही छनोट भएको र त्यसमध्ये २८ जनाले तेस्रो किस्ताबापतको रकम लिएर आवास निर्माण गरिरहेको जानकारी दिनुभयो। तनहुँका व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, भीमाद नगरपालिका, देवघाट गाउँपालिका र बन्दीपुर गाउँपालिकामा पहिलो चरणमा सम्झौता गरी लगत सङ्कलनको कार्य भइरहेको छ। दोस्रो चरणमा म्याग्दे गाउँपालिका र आँबुखैरेनी गाउँपालिकासँग सम्झौता गरी कार्य अगाडि बढाइएको छ भने घिरिङ गाउँपालिका र ऋषिङ गाउँपालिकामा सम्झौता हुन बाँकी छ। जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोगको कार्यालय स्थापना भइसकेको छ। सरकारले आयोगको अध्यक्षमा दधिराज सुवेदी, विज्ञ सदस्यमा दीर्घबहादुर दरै र सदस्यमा शान्ति कुँवरलाई नियुक्त गरेको थियो। आयोगको पदेन सदस्यमा डिभिजन वन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख, मालपोत कार्यालयका प्रमुख रहने व्यवस्था छ भने आयोगको सदस्य सचिवमा जिल्ला समन्वय अधिकारी रहने व्यवस्था छ।

# तनहुँको सेवरमा औषधि उत्पादन गरिँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० फागुन**

जिल्लाको व्यास नगरपालिका-१० स्थित सेवरमा पोखरा फर्मास्युटिकल प्रालिले औषधि उत्पादन गर्ने उद्देश्ले भौतिक संरचना निर्माण कार्यलाई तीव्रता दिएको छ। कोभिड-१९ का कारण निर्माण कार्यमा प्रभाव परेपछि आगामी असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्य अघि बढाइएको हो।

करिब ४५ रोपनी क्षेत्रफलमध्ये बाह्र रोपनीमा भवन निर्माण गरिएको फर्मास्युटिकलका प्रबन्ध निर्देशक इन्द्र बानियाँले जानकारी दिए। भवनको ६० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ। उनले भने, "भवन निर्माणपश्चात् करिब नौ महिनापछि औषधि बजारमा पुर्‍याउने योजना रहेको छ।" करिब रु ५० करोड बराबरको लगानीमा भौतिक संरचनाको निर्माण कार्य भइरहेको छ। उनले भने, "भुईं तलामा औषधि उत्पादन गरिन्छ भने पहिलो तलामा ल्याब, औषधि अनुसन्धान केन्द्रलगायतका रहने छन्।" उनका अनुसार भुईं तला २० हजार वर्गफिट र पहिलो तला ११ हजार वर्गफिटको हुनेछ। "शुरुको वर्षमा मधुमेह, मुटु, नसासम्बन्धीका ट्याबलेट, क्याप्सुल र मलमजन्य ४० देखि ५० किसिमका औषधि उत्पादन गर्ने लक्ष्य रहेको छ", उनले भने।

औषधि विज्ञद्वारा औषधि उत्पादन क्षेत्रमा लगानी गरिएकाले गुणस्तर किसिमको औषधि उत्पादन हुनुका साथै सरल, सहज र सुपथ मूल्यमा बजारमा पुर्‍याइने उनको भनाइ थियो। नेपालमा उत्पादन नभएका नयाँनयाँ किसिमका औषधि उत्पादन गर्ने योजना कम्पनीको रहेको छ। उद्योगमा औषधि उत्पादन कार्य शुरु हुन थालेपछि बजार प्रतिनिधिसहित १०० को हाराहारीमा मानिसलाई रोजगारी दिन सकिने सो कम्पनीले जनाएको छ।

# पत्रकार अथकलाई मान-कृष्ण स्मृति पत्रकारिता पुरस्कार

**विनय पौडेल**
**पोखरा, २० फागुन**

पोखराका पत्रकार कमल पौडेल अथकलाई स्याङ्जामा मान-कृष्ण स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ।

स्याङ्जाको पुतलीबजार नगरपालिका ५ पवैगौँडेमा अवस्थित शितला माविको यही फागुन २२ गते हुने ४७ औं वार्षिकोत्सवको अवसरमा पत्रकार अथकलाई सो पुरस्कार प्रदान गरिने भएको हो।

विद्यालयका अभिवावक स्वर्गीय मानबहादुर कृष्णकुमारी स्मृति ट्रष्टद्वारा स्थापित र विद्यालयद्वारा सञ्चालित सो पुरस्कारको राशी नगद रु १० हजार, दोसल्ला र सम्मान पत्र रहेको छ। विगत दुइ दशकदेखि पोखरामा पत्रकारिता गर्दै आएका अथकलाई सो पुरस्कार प्रदान गर्ने निर्णय भएको पुरस्कार छनौट समितिका संयोजक शैलेन्द्रजंग कार्कीले जानकारी दिएका छन्।

सो पुरस्कारबाट पुरस्कृत हुने पोखराका पत्रकार अथक रेडियो सराङ्कोटका समाचार प्रमुख तथा समयदृष्टि अनलाइनका सम्पादक समेत रहेका छन्। २०६८ सालदेखि यो पुरस्कार वार्षिक रुपमा वितरण गर्दै आएको ट्रष्टका संरक्षक प्रकाशजंग कार्की र प्रतापजंग कार्कीले जानकारी दिएका छन्।

सो अवसरमा साहित्य तर्फको पुरस्कार डा यामबहादुर पौडेल क्षेत्रीलाइ प्रदान गरिने विद्यालयले जनाएको छ। सो पुरस्कारको राशी पनि नगद रु १० हजार, दोसल्ला र सम्मान पत्र रहेको छ। कार्यक्रममा ट्रष्टद्वारा संञ्चालित विभिन्न गरी ४१ हजार बराबरको पुरस्कार प्रदान गरिने जानकारी दिईएको छ। कार्यक्रममा क्यालिफोनियाँमा रहेका इन्जिनियरद्वय विवेक जंग कार्की र अजय श्रेष्ठले विद्यालयलाई माष्टर प्रोजेक्टर हस्तान्तरण गर्नेछन्। त्यस्तै सोही दिन इन्जिनियर विवेक जंघ कार्कीले गतवर्षको एसइइमा उत्कृष्ट अंक ल्याउने एक विद्यार्थीलाई ५ हजार नगद प्रदान गर्ने कार्यक्रम रहेको विद्यालयका प्रधानाध्यापक भीमप्रसाद शर्माले जानकारी दिएका छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रबहादुर कार्कीको उपस्थितिमा पुरस्कार छनौट समितिका संयोजक शैलेन्द्रजंग काकी, सदस्य सचिव भीमप्रसाद शर्मा र वडाध्यक्ष रामचन्द्र रेग्मीले उक्त प्रतिभा चयन गरेको विद्यालयले जानकारी दिएको छ।

## कांग्रेसले ...

जानकारी दिए। बैठकमा कांग्रेसले धैर्यतापूर्वक नहातिएर निर्णय लिनुपर्नेमा नेताहरूको एकमत रहेको उनले बताए।

यही फागुन २३ गते बस्ने प्रतिनिधिसभा बैठकमा कांग्रेस कसरी प्रस्तुत हुन्छ भन्ने जिज्ञाशामा उनले शुक्रबार बस्ने पार्टीको संसदीय दलको बैठकमा सांसदको राय-सुझाव लिएर निर्णय लिइने बताए। बैठकमा सभापति देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विजयकुमार गच्छदार, महामन्त्री डा शशांक कोइराला, नेताहरू प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, डा रामशरण महत, प्रवक्ता शर्मालगायत सहभागी रहेका थिए।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७७/११/०९ को निर्णय र मादी गाउँपालिका च.न. १६२९ मिति २०७७/११/१७ को प्राप्त पत्र अनुसार यस विद्यालयको प्रा.वि. तृतीय श्रेणीको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि २०७७/११/१८ देखि २०७७/१२/०३ सम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
**तह: आधारभूत तह, तृतीय श्रेणी   संख्या: १ जना**
**योग्यता- न्यूनतम कक्षा १२ पास वा सो सरह**
**आवश्यक कागजातहरु:**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

**दरखास्त दिने मिति: २०७७/११/१८ देखि २०७७/१२/०३ गतेसम्म**
**निवेदन दस्तुर: रु १०००/-**
**परीक्षाको किसिम: लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**
**निवेदन दिने स्थान: श्री दुधपोखरी मा.वि. सौंधा**
**(विहान १० बजेदेखि ४ बजेसम्म)**
**तलब: नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।**
**सम्पर्क मिति: २०७७/१२/०३**
**सम्पर्क नं.: ९८४६११७९३४, ९८२४१३४६७०**

**श्री दुधपोखरी माध्यमिक विद्यालय**
**मादी गाउँपालिका वडा नं. १, खिलाङ, सौंधा, कास्की**









## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो सममयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको सममयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
**पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै**
**फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६**



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग:** छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय: प्रत्येक दिन विहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म**

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# सरकार र विप्लवबीच ऐतिहासिक सहमति

नेपाल सरकार र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाबीच औपचारिक वार्ता भएको दुई दिनमा सहमति भएको छ। यो सहमतिसँगै आफ्ना राजनीतिक माग राखेर हिंसात्मक आन्दोलन गदै आएको 'समूह' शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको छ। विकास र समृद्धिको लक्ष्य लिएर अगाडि बढिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले देशका सबै राजनीतिक शक्तिलाई मुलधारमा ल्याएका छन। करिब दुई बर्षअघि मधेशमा अलगावादी राजनीतिक नेतृत्व गरिरहेको डा.सीके राउत नेतृत्वको पार्टीलाई शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धामा ओली सरकारले नै ल्याएको थियो। अहिले डा.राउत तराईका जिल्लाहरुमा केन्द्रित शान्तिपूर्ण राजनीतिमा लागेका छन।

पूर्व माओवादीकै विरासत बोकेका नेत्रविक्रम चन्द ' विप्लव' ले प्रचण्ड बाबुराम वास्तविक जनवादी शक्ति नभएको भन्दै नयाँ समाजवादी क्रान्तिको नेतृत्व आफुले गर्ने दावी गदै आएका थिए। प्रचण्डमा जनताका समस्या समाधान गर्ने प्राथमिकता नभएको भन्दै भूमिगत राजनीति गरेका थिए। विकृती विसंगतीका बिरुद्ध राजनीतिक माग राखेर शान्तिपूर्ण आन्दोलन र प्रतिस्पर्धाको राजनीति गर्नु स्वभाविकै हो । प्रचण्डद्धारा जनयुद्धताका जनताप्रति गरिएका वाचाहरुलाई रछ्यानमा मिल्काइएका छन् कतै विप्लवले शान्तिपूर्ण र सवैधानिक दायराभित्रै बसेर जनताका पक्षमा प्रगतिशील राजनीति गर्छन कि भन्ने डर प्रचण्डमा देखिन्छ।

प्रधानमन्त्री ओलीले पद सम्हालेदेखि नै सवै खालका अग्रवादी, हिंसात्मक र अतिवादी समुहलाई शान्तिपुर्ण राजनीतिक प्रतिस्पर्धामा आउन आव्हान गरेका थिए । त्यसै अन्तर्गत डा.राउत अलक मधेशको विखण्डकारी राजनीति छोडेर मुलधारको राजनीतिमा आए । अहिले विप्लव पनि हिंसाको बाटो छोडेर शान्तिपूर्ण प्रतिस्पर्धाकै राजनीतिमा आउन राजी भए । देशलाई एकिकृत राख्ने राष्ट्रिय सार्वभौमिकता र अखण्डताको रक्षा गर्ने र देशका विभिन्न सम्प्रादायिक समुदायबीच बलियो एकता कायम गर्ने कामको नेतृत्व प्रधानमन्त्री ओलीले गदै आएका छन । विखण्डनको राजनीति छोडेर राउत मुलधारमा आउनु र हिंसाको राजनीति छोडेर जनजीविकाको पक्षमा पुन शान्तिपुर्ण राजनीतिमा विप्लव समुह आउनु त्यसैको परिणाम हो । राष्ट्रियता र कम्युनिस्ट आन्दोलनलाई कमजोर हुन नदिन गरिएको सहमति जुटाउने सबैलाई बधाई छ।

# 'रेमिटयान्स दुरुपयोग'ले बढाउँदै सम्बन्धविच्छेद

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० फागुन**

बागलुङ जिल्लामा बर्सेनि सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ । जिल्ला अदालत बागलुङमा परेका मुद्दा र फैसलाको तथ्याङ्कअनुसार सम्बन्धविच्छेद पछिल्लो समय बढ्दो क्रममा देखिएको छ। विसं २०७४ मा नयाँ मुलुकी संहिता लागू भएपछि सम्बन्धविच्छेदका जटिलतामा धेरै सहजता आएको छ। पछिल्लो समय महिला या पुरुषमध्ये कुनै एक पक्षले चाहे अदालतमा सम्बन्धविच्छेद मुद्दा दर्ता गर्नसक्ने व्यवस्था छ । यसैकारण पनि महिला र पुरुष दुवैले सम्बन्धविच्छेद गर्ने क्रम बढेको अदालतले जनाएको छ। जिल्ला अदालत बागलुङमा चालु आर्थिक वर्ष २०७७/०७८ को सात महिनासम्म ११६ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको जिल्ला अदालत बागलुङका स्रेस्तेदार सूर्यप्रसाद भण्डारीले जानकारी दिनुभयो । कोरोना भयावहका कारण लामो समय अदालती सेवा बन्द हुँदा पनि यस वर्ष ११६ सम्बन्धविच्छेदका मुद्दा परेको उहाँको भनाइ छ।

अघिल्लो आर्थिक वर्ष २०७६/०७७ मा सम्बन्धविच्छेदका १८६ मुद्दा दर्ता भएका थिए। यो आवमा गत वर्ष सरी आएको महिलाबाट दर्ता भएका ३२ र पुरुषबाट दर्ता भएका ४० गरी ७६ सम्बन्धविच्छेदका घटनामध्ये पुरुषद्वारा दर्ता गरिएका २२ र महिलाबाट दर्ता गरिएका १८ गरी ४० मुद्दा फछ्र्योट गरिएको छ। चालीस सम्बन्धविच्छेदका घटनामा अझै फैसला हुन बाँकी छ। यो आवको फागुन १८ गतेसम्म दर्ता भएका सम्बन्धविच्छेदका ११६ मुद्दामध्ये महिलाबाट ९४ मुद्दा दर्ता भएका छन् भने पुरुषबाट २२ मुद्दा दर्ता भएका छन्। तीमध्ये महिलाले दर्ता गरेका ६८ मुद्दामा मिलापत्र गरिएको छ भने पुरुषले दर्ता गरेका आठ मुद्दामा मिलापत्र गरिएको छ । चालीस मुद्दा फैसला हुन बाँकी रहेको स्रेस्तेदार भण्डारीको भनाइ छ।

पछिल्लो समय वैदेशिक रोजगार, रेमिट्यान्सको दुरुपयोग, बढ्दो सामाजिक सञ्जालको प्रयोग, महिलामा हिंसा, अन्याय सहनु हुन्न भन्ने सोच, चेतना र जागरणको विकास भएकाले सम्बन्धविच्छेदका घटना बढ्दै गएको जिल्ला अदालत बागलुङका न्यायाधीश वासुदेव न्यौपानेले बताउनुभयो । "युवा विवाह गरेर विदेश जान्छन्, श्रीमतीलाई बजारमा बसाउने प्रचलन बढ्दो छ, उनीहरुले शहरमा विलासी जीवन बिताउन चाहन्छन्, सामाजिक सञ्जालका कारण श्रीमान्श्रीमतीमा आशङ्का पैदा हुन्छ, चरित्रको आरोप लाग्छ", उहाँले भन्नुभयो, "यसरी सम्बन्धविच्छेदको मुद्दा दर्ता गर्नेमा महिला मात्रै हुन्थे, अहिले नयाँ व्यवस्थानुसार पुरुष पनि आएका छन्, यसमा चारित्रिक विषयका साथै रेमिट्यान्सको विषय मुख्य देखिन्छ, विदेशबाट पठाएको पैसा कहाँ गयो ? भनेर सोधखोज गर्दा धेरै जोडीमा विवाद बढेर सम्बन्धविच्छेदमा पुगेको पाएका छौं ।" उहाँले विवाह भनेको आपसी बुझाइ र सहमतिसहितको सम्बन्ध भएकाले पुरुष र महिला दुवै जिम्मेवार बन्नुपर्ने बताउनुभयो।

यस्तै चालु आवको हालसम्म जिल्ला अदालत बागलुङमा ज्यान मुद्दासम्बन्धी आठ, बहुविवाह पाँच, जबर्जस्ती करणीसम्बन्धी १७, लागुऔषधसम्बन्धी पाँच, चोरीसम्बन्धी नौ, आत्महत्या दुरुत्साहनसम्बन्धी दुई, बाल यौन दुरुपयोगसम्बन्धी दुई, अपहरण गरी बन्धकसम्बन्धी दुई, पशुपक्षीको कसुर छ, बोक्सी आरोपसम्बन्धी एक, विवाह बदर एक, बालविवाह एक, सङ्गठित ठगी एक, हातहतियारसम्बन्धी १०, करारको यथावत परिपालन एक, झुठो विवरण पेश गरी नागरिकता लिएको एक र घरेलु हिंसासम्बन्धी आठ मुद्दा परेको जिल्ला अदालत बागलुङले जनाएको छ । यस्ताखाले मुद्दामा जिम्मेवारी सरी आएका ३०३ बाट १२४ फैसला भई १७९ मुद्दा फैसला हुन बाँकी रहेको छ। यो आवमा नयाँ दर्ता भएका २९० मुद्दाबाट ९७ फैसला भई १९४ बाँकी रहेको छ। अहिलेसम्म रहेका ५९३ मुद्दामा २२१ मुद्दा फैसला भएका छन् भने ३७२ मुद्दा बाँकी रहेका छन् । विसं २०७४ भदौ १ गतेदेखि मुलकी ऐन, २०२० विस्थापित भई नयाँ मुलुकी संहिता (देवानी, फौजदारी) लागू भएको थियो। पहिलो मुलुकी ऐन जारी भएको १६४ वर्षपछि नयाँ मुलुकी ऐन आएको हो । नयाँ मुलुकी ऐनमा पुरुषले पनि सम्बन्धविच्छेदको मुद्दा दर्ता गर्न सक्ने, वैवाहिक बलात्कार मुद्दा लाग्ने भएका छन्।


## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय, कास्की
## गण्डकी प्रदेश

# आशय पत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७७/११/२१**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७७/१०/१९ गते www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसारको तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) भएकोले स्वीकृतिको लागि छनौट गरिएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ तथा नियमावली १०० को प्रयोजनार्थ सम्बन्धित सवै वोलपत्र दाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | योजनाको नाम | कवोल अंक रु. (मु. अ. कर र PS बाहेक) |
|---|---|---|---|
| UDABO/Kaski/NCB/W/BBNH/10/077/78 | I and R Construction Company Pvt.Ltd. Bharatpur-2, Kshetrapur, Chitwan | Construction of Bindhyabasini Natural Hospital, Pokhara-1, Guthi Marga, Kaski | 1,09,44,490.90 |

**कार्यालय प्रमुख**



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## पोखरा प्राविधिक शिक्षालय
**फुलबारी, पोखरा, फोन ०६१-५२८०४०**

Funded by: European Union

# सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**सूचना नं** CTEVT/PTS/SQ/04–2077–78
**(प्रथम पटक प्रकाशित मिति २०७७/११/२१)**

यस शिक्षालयको आयोजनामा प्रा.शि. तथा व्या.ता.परिषद् सक्षमता परियोजनाको आर्थिक सहायतामा परियोजनाको चालु आ.ब. को स्वीकृत कार्यक्रम अन्तर्गत आवासिय सीप विकास तालीमका सहभागीहरु लागि कम्तीमा ५० जनाको खाना, खाजा र आवासको व्यवस्थापन हुने गरी पोखरा महानगरपालिकाको राष्ट्र बैक चोकदेखि हल्लनचेकसम्मको क्षेत्रमा आवास व्यवस्था गर्नुपर्ने भएकोले योग्य सेवा प्रदायकहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. तपसिलमा उल्लेखित दस्तुर(फिर्ता नहुने) नगदै बुझाई नगदी रसिदसाथ नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, अघिल्लो आ ब २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन दिई यो सूचना प्रकाशित भएको १५ (पन्ध्रौ) दिन मिति २०७७।१२।६ (कार्यालय समय) भित्र यस शिक्षालयको आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. यस शिक्षालयबाट खरीद गरिएको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का नं दरभाउपत्र दाताको नाम, ठेगाना र सम्पर्क नम्बर समेत खोली शिक्षालयलाई सम्बोधन गरी सूचना प्रकाशन भएको १६ (सोह्रौ) दिन मिति २०७७।१२।७ गते दिनको १२.०० बजेभित्र यस शिक्षालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्र सोही दिनको २.०० बजे दरभाउपत्रदाता स्वयं वा नीजको प्रतिनिधी र शिक्षालयको प्रतिनिधीहरुको रहोवरमा यस शिक्षालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउ पत्रका साथ तपसिलमा उल्लेखित जमानत बापतको रकम यस शिक्षालयको नाममा रा.बा.बैक महेन्द्रपूल स्थित धरौटी खाता च हि न ३४३०१००००५८८४००१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बैक वा वित्तीय संस्थावाट यस शिक्षालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिन अवधिको बैक जमानी पत्र (विडबण्ड) संलग्न गरेको हुनु पर्नेछ।

४. दरभाउपत्र शर्त रहित प्रत्येक आइटममा केरमेट नभएको, शिक्षालयले उपलब्ध गराएको दरभाउपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाँउमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनु पर्नेछ। समयभित्र प्राप्त नभएको, रित नपुगेको र सूचनाको शर्त विपरित भएको दरभाउ पत्र माथी कुनै कारवाही हुनेछैन।

५. सिलबन्दी दरभाउ पत्र खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिनलाई तत् तत् प्रयोजनको लागि अन्तिम दिन मानिनेछ।

६. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ। बिस्तृत जानकारीको लागि पोखरा प्राविधिक शिक्षालयको फोन नं ०६१-५२८०४० मा सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | ठेक्का नं | कार्यक्रमको नाम | जमानत रकम रु | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १ | CTEVT/PTS/SQ/04–2077–78 | आवासिय सीप विकास तालीमका सहभागीहरु लागि खाना, खाजा र आवासको व्यवस्थापन | ६०,०००।- | १,०००।- |

शिक्षालय प्रमुख



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्म :** १९९०/१०/०८ गते

**स्वर्गारोहण :** २०७७/११/०९ गते

**स्व. भुवलदेवी बाटाजू**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य मिनु बाटाजूको सासु आमा **भुवलदेवी बाटाजू**को ८७ वर्षको उमेरमा असामयीक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्झना माकाजू**
**अध्यक्ष तथा**
## सिद्धार्थ टोल विकास संस्था परिवार

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्म :**
**१९९० माघ ०८ गते**

**स्वर्गारोहण :**
**२०७७ फाल्गुण ०९ गते**

## स्व. भुवलदेवी बाटाजू

हाम्री प्रातः स्मरणीय ममतामयी आमा **भुवलदेवी बाटाजू** को ८७ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि समवेदना व्यक्त गर्नुहुने, शवयात्रामा सहभागी तथा भेटी प्रदान गर्नुहुने बन्धुवान्धव, कुलकुटुम्व, इष्टमित्र, संघसंस्था सबैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोराहरूः**
रमेश कुमार बाटाजू
सुरेश कुमार बाटाजू
ईश्वर कुमार बाटाजू
सन्देश कुमार बाटजू

**नातिहरूः**
सुशान्त बाटाजू
सुलव बाटाजू
सुजल बाटाजू
सुदिन बाटाजू
शुलक्स बाटाजू

**नाति बुहारीः**
रिभा पालिखे

**बुहारीहरूः**
मिनु बाटाजू
सविना बाटाजू
रीना बाटाजू
माया बाटाजू

**नातिनीहरूः**
डा. एलिस्ना बाटाजू
इशिका बाटाजू
रुहिका बाटाजू
सोम्या बाटाजू

**नातिनी ज्वाइँहरूः**
राजेन्द्र श्रेष्ठ
अरुण कुमार शाही
निर्मल भट्टराई

**छोरीहरूः**
शुशिला पालिखे
यमुना प्रधान
गिता प्रधान
इन्दिरा कायस्थ

**नातिहरूः**
निखिल कुमार प्रधान
निज्जल कुमार प्रधान
स्वरूप प्रधान
जोइन्सन कायस्थ

**पनातिपनातिनीहरूः**
ई. रेशुव श्रेष्ठ
रिशव श्रेष्ठ
रिदेश सिंह पालिखे
रिशिका श्रेष्ठ
आरियाना शाही
श्रीयाना शाही
सुनिर भट्टराई

**छोरी ज्वाइँहरूः**
पूर्णमान पालिखे

दिपेन्द्र प्रधान
ज्योति कुमार कायस्थ

**नातिनीहरूः**
बबिता श्रेष्ठ
स्मिता शाही
डा. सविता श्रेष्ठ
सुजाता भट्टराई
शिक्षा प्रधान
दिक्षा प्रधान
जोइन्सा कायस्थ

**पूनश्चः** मिति २०७७ फाल्गुण २१ गते शुक्रबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः दिउँसो २ बजेदेखि स्थानः भीमसेन टोल, पोखरा-२